AMNESTY INTERNATIONAL

AMNESTY INTERNATIONAL NEPAL SECTION
Amnesty Marga, Basantanagar
P. O. Box 135, Balaju, Kathmandu, Nepal
T: +977 1 4364706 or 4365431 Fax: +977 1 4354987
E: info@amnestynepal.org W: www.amnesetynepal.org

मिति: २०७८ श्रावण १४ गते

श्री संयोजकज्यूहरू,
एम्नेस्टी इन्टरनेसनल नेपालमा आबद्ध सबै समूह, निर्माणाधिन समूह तथा युथ नेटवर्कहरू,

!! विशेष साधारण सभा (Extraordinary General Meeting) सर्कुलर – १

**विषय: एम्नेस्टी इन्टरनेसनल नेपालको विशेष साधारण सभा (२९ औं सभा) सम्बन्धी सूचना र जानकारीसम्बन्धी परिपत्र।**

**मिति २०७८ भाद्र १८ मा आयोजा गरिने विशेष साधारण सभासम्बन्धी सूचना**

एम्नेस्टी इन्टरनेसनल नेपाल र एम्नेस्टी इन्टरनेसनलका उपमहासचिव (Deputy Secretary General) बीच सहमति भई हस्ताक्षर भएको समझदारी पत्रको कारण विशेष साधारण सभाका माध्यमबाट केही निर्णयहरू लिनुपर्ने अवस्था आएको छ। त्यसैले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान, २०५८ (छैठौं संशोधन) को धारा ९.५ (ख) मा व्यवस्था गरिएको प्रावधानको अभ्यास गर्दै र सोही प्रावधाको अधिनमा रही मिति २०७८ साल श्रावण ०२ गते बसेको नेसनल बोर्ड बैठकको निर्णयअनुसार एम्नेस्टी इन्टरनेसनल नेपालको नेसनल बोर्डले मिति २०७८ साल भाद्र १८ गते (सन् २०२१ सेप्टेम्बर ०३) शुक्रबारका दिन एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको **विशेष साधारण सभा (२९ औं सभा)** आह्वान गरेको छ। एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान, २०५८ (छैठौं संशोधन) को धारा ९.५ (च) अनुसारको विशेष साधारण सभासम्बन्धी ३० दिने सूचना यसै साथ जारी गरिएको छ। कृपया विशेष साधारण सभासम्बन्धी विस्तृत जानकारीका लागि यसै सूचनाका साथ संलग्न तल उल्लिखित परिपत्रलाई ध्यान दिएर हेर्नुहोला।

**विशेष साधारण सभाको एजेन्डा**

१. विधान संशोधन (एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान, २०५८ (छैठौं संशोधन) को धारा १८ (४) मा व्यवस्था गरिएअनुसार विधान संशोधनसम्बन्धी प्रस्ताव विशेष साधारण सभा हुनु २१ दिन अघि प्रेशित गरिनेछ।)
२. आर्थिक वर्ष ०७६/०७७ को लेखा परीक्षण प्रतिवेदन पारित गर्ने
३. आर्थिक वर्ष ०७७/०७८ को लेखा परीक्षणका लागि लेखा परीक्षकको नियुक्ति
४. अध्यक्षको अनुमतिमा अन्य विषय

यस विशेष साधारण सभामा सहभागिताका लागि एम्नेस्टी इन्टरनेसनल नेपालमा आबद्ध समूह, निर्माणाधिन समूह र युथ नेटवर्कहरूले प्रतिनिधिहरूको नाम सचिवालयमा दर्ता गराइसक्नुपर्ने **अन्तिम मिति २०७८ भाद्र २ गते बुधबार** अघि नै आफ्नो वैधानिक सदस्यता सङ्ख्या ५० पुर्याएको हुनुपर्ने छ।

अन्तर्राष्ट्रिय सचिवालयसँगको समझदारी पत्रमा सहमति भएअनुसार विशेष साधारण सभामा प्रत्येक समूह, निर्माणाधीन समूह र युथ नेटवर्कबाट दुई दुई जनाको प्रतिनिधित्व रहनेछ जसमा अनिवार्य कम्तिमा एक जना महिला हुनुपर्नेछ। त्यस्तै समर्थक सदस्यहरूबाट पनि दुईजनाको सहभागिता रहनेछ। समूहबाट सहभागी हुनेमध्ये एकजना प्रतिनिधिको मात्र मताधिकार रहनेछ भने अर्को एकजना पर्यवेक्षक (observer) का रूपमा उपस्थित हुनेछन्। निर्माणाधीन समूह र युथनेटवर्क तथा समर्थक सदस्यहरूमध्येबाट भने दुवै जना सहभागी पर्यवेक्षक (observer) का रूपमा मात्र उपस्थित रहनेछन्।

**यस विशेष साधारण सभालाई सम्भव भएसम्म भौतिक उपस्थितिमा नै आयोजना गर्ने लक्ष राखिएको छ। कोरोना महामारीको जोखिमताका कारण सामाजिक दूरी कायम गर्नु पर्ने र अन्य स्वास्थ्यसम्बन्धी मापदण्डहरू पालना गर्नुपर्ने तथा सरकारद्वारा निर्धारत नियमनको परिपालन र प्रतिनिधिहरूको सुरक्षा सुनिश्चित गर्नुपर्ने बाध्यताका कारण <u>समूहहरूबाट मताधिकार प्राप्त एक/एकजना प्रतिनिधिहरूको मात्र यस विशेष साधारण सभामा भौतिक उपस्थिति रहनेछ।</u> यसरी भौतिक रूपमा उपस्थित हुने समूह प्रतिनिधिले सकेसम्म कोरोनाविरुद्धको खोप लगाएको हुनुपर्नेछ। साथै विशेष साधारण सभा स्थलमा उपस्थित हुनका लागि २४ घण्टा अगाडि कोरोना परीक्षण गर्दा नेगेटिभ रिपोर्ट आएको हुनुपर्नेछ र उक्त रिपोर्ट आफ्नो साथमा ल्याएको हुनुपर्नेछ। बाटोमा यात्रा गर्ने क्रममा सङ्क्रमण हुन सक्ने जोखिमलाई समेत मध्यनजर गर्दै यदि मताधिकार प्राप्त कुनै पनि समूह प्रतिनिधिले भौतिक रूपमा उपस्थित नभएर अनलाइन माध्यमबाटै सहभागिता जनाउने इच्छा व्यक्त गरेमा सोहीअनुसार प्रबन्ध गरिनेछ। समूह, निर्माणाधीन समूह, युथ नेटवर्क र समर्थक सदस्यहरूबाट पर्यवेक्षकका रूपमा सहभागी हुनेहरूले भने भर्चुअल माध्यमबाट मात्र सहभागिता जनाउनेछन्।**

भौतिक रूपमा विशेष साधारण सभा आयोजना गर्न सकिने वा नसकिने सम्भाव्यताका बारेमा प्रतिनिधिहरूले सहभागिताका लागि यात्रा सुरू गर्ने तीन दिनअघिसम्म नियमित रूपमा मूल्याङ्कन गरिनेछ। यदि कोरोना सङ्क्रमणको दरमा अत्यधिक वृद्धि भई असहज परिस्थित उत्पन्न भएमा वा सरकारी निकायहरूले निषेधाज्ञा जारी गरी आवत जावतमा रोक लगाएमा वा सभा, सम्मेलन, भेला जस्ता गतिविधिहरूमा रोक लगाएमा वा स्वास्थ्यसम्बन्धी जोखिमताका कारण अन्तर्राष्ट्रिय सचिवलायले भौतिक उपस्थितिमा साधारण सभा नगर्न नगराउन सल्लाह/सुझाव दिएमा विशेष साधारण सभालाई तोकिएकै मितिमा भर्चुअल माध्यमबाट सम्पन्न गरिने पनि यसैसाथ जानकारी गराइन्छ। भर्चुअल माध्यमबाट विशेष साधारण सभा आयोजनाका लागि आवश्यक सबै प्रबन्धहरू व्यवस्था गरी तयारी अवस्थामा राखिनेछ।

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारण सभा नियमावली २०६२ (सन् २००५) को परिच्छेद ३ को दफा १० (घ)[1] अनुसार समूहहरूले प्रतिनिधिको नाम दर्ता गराउने अन्तिम <u>मिति २०७८ भाद्र २ गते बुधबार</u> सम्ममा एम्नेस्टी इन्टरनेसनल नेपालको राष्ट्रिय सचिवालयमा अनिवार्य नाम दर्ता गराएको हुनु पर्नेछ। प्रतिनिधिको नाम दर्ता गराउन समूह कार्य समितिको बैठकबाट प्रतिनिधि तोकिएको व्यहोराको निर्णय गरिएको माइन्युट अनिवार्य संलग्न गर्नु पर्नेछ।

साधारण सभा आयोजना गरीने स्थल (venue)को बारेमा जानकारी क्रमशः गराइने छ।

नेसनल बोर्डको निर्णयअनुसार विशेष साधारण सभामा सहभागिता जनाउनका लागि समूह, निर्माणाधिन समूह र युथ नेटवर्कहरूले उक्त विशेष साधारण सभा अघि आफ्नो साधारण सभा आयोजना गरिराख्न नपर्ने जानकारी गराइन्छ। साथै विशेष साधारण सभामा सहभागिताका लागि समूह नविकरण शुल्क र प्रतिनिधि दर्ता शुल्क पनि मिनाह गरिएको यसैसाथ जानकारी गराइन्छ।

यहाँहरूको सकृयता र सदाशयताका लागि हार्दिक आभार।

धन्यवाद।



बिपिन बुढाथोकी,
उपमहासचिव, नेसनल बोर्ड, एम्नेस्टी इन्टरनेसनल नेपाल

---

[1] १०. **साधारणसभाको बैठकः** ...(घ) साधारणसभाका प्रतिनिधि तथा पर्यवेक्षकहरूको नाम सभा हुनुभन्दा कम्तिमा १५ दिन पूर्व एम्नेस्टी नेपाल राष्ट्रिय सचिवालयमा विधिवत दर्ता भइसकेको हुनुपर्नेछ र कम्तिमा १५ दिन अगावै त्यस्ता प्रतिनिधि तथा पर्यवेक्षकहरूले एम्नेस्टी नेपालको सदस्यता ग्रहण वा नवीकरण गरेको हुनुपर्नेछ ।